# कमलबजार नगरपालिका

श्री यज्ञ प्रशाद ढकाल

नगर प्रमुखज्यू

द्वारा प्रस्तुत

## कमलबजार नगरपालिकाको

## आ. व २०८०।०८१ को नीति तथा कार्यक्रम

कमलबजार नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कमलबजार अछाम

सुदुरपश्चिम प्रदेश, नेपाल

१० असार २०८०

**<u>कमलवजार नगरपालिकाको १२ औ नगरसभा नीति, तथा कार्यक्रम प्रस्तुति</u>**

कमलबजार नगरपालिकाको नगरसभामा नगर प्रमुख श्री यज्ञ प्रसाद ढकालले आर्थिक वर्ष २०८०।०८१ का लागि मिति २०८०।०३।१० मा पेश गर्नुभएको नीति तथा कार्यक्रम

नगर उप प्रमुख,
नगरसभाका सदस्यज्युहरु
कमलवजार नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतज्यू लगायत कार्यालयका सम्पुर्ण कर्मचारीहरु
सम्पुर्ण सञ्चार माध्यामका प्रतिनिधिज्यूहरु तथा उपस्थित तथा प्रत्यक्ष प्रशारण मार्फत सुनिरहनु भएका नगर बासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरु

- सर्वप्रथम यस कमलबजार नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को निति तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा गौरावाम्वित भएको छु । नगरपालिका संग सम्बन्धित सबै राजनितिक दल सरकारी तथा गैर सरकारी क्षेत्र शिक्षक बुद्दिजिवि सरोकारवाला हरु र आम नगरवासिहरुको साथ सहयोग र सहकार्यका लागी आवहान गर्दछु ।
- मुलकको साशकिय प्रणालि र समाजको आर्गगामी रुपान्तरणका लागी भएका जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा आफ्नो अमुल्य जिवन बलिदान गर्नुहुने सम्पुर्ण ज्ञान अज्ञयात सहिद हरु प्रति अच्च सम्मान गर्दै भावपुर्ण श्रद्धान्जली अर्पर्ण गर्दछु ।साथै सम्पुर्ण देश भक्त नागरिक हरुले राष्ट्रनिर्माण मा पुन्याउनु भएको योगदान को कदर गर्दै उच्च सम्मानका साथ स्मरण गर्न चाहान्छु ।
- विगत झै यस कमलबजार नगरपालिकाले अछाम जिल्ला भित्रका सम्पुर्ण संघ,प्रदेश र स्थानिय तह संग को सहकार्य समन्वय र सहअस्तित्व को संबैधानिक अन्तर सम्बन्ध को मान्यता लाई निरन्तरता दिदैं नगरको समग्र विकासमा आवश्यक सहयोग पुग्ने गरी कर्य सम्पादन गर्ने गराउने विश्वास दिलाउदै सोहि बमोजिमको अपेक्षा लिएको छु ।
- स्थानिय तहको दोस्रो निर्वाचन सम्मपन्न भई निर्वाचित जनप्रतिनिधि हरुले कार्यभार समालेको १ वर्ष अवधि पुरा भैसकेको छ ।यसै क्रममा नेपालको संविधान स्थानिय सरकार सन्चालन ऐन र पर्चलित कानुन तथा नगरपालिका द्धारा निर्माण भएका विभिन्न ऐन कानुनको कार्यान्वयन मार्फत विधिको शासन उपलब्धिका लागी अभ्यास गरिदै आएको छ ।
- संघीय राजधानी शहर काठमाण्डौबाट धेरै टाढा रहेको तर विकासका प्रचुर संभावना वोकेको कमलजार नगरपालिका विकासको मापनमा केहि पछाडि परेको देखिन्छ ।आर्थिक, सामाजिक सुचकहरु अन्य नगरपालिकाका भन्दा कमजोर रहेको पाइन्छ । अझैपनि यस नगरपालिकाको अधिकांश स्थानहरुमा स्वच्छ खानेपानीको वितरण वाँकी छ भने कमलबजार मंगलसैन सडक , कमलबजार मष्टावण्डाली सडक र कमलबजार बजुडा सडक वाहेक सबै मौसममा चल्ने सडकको अभावमा बिरामीलाई अस्पताल र स्वाथ्य केन्द्रसम्म पुग्न पुऱ्याउन कठिन छ । नगरको केहि क्षेत्रमा विद्युत पुगेको भएतापनि सेवाको गुणस्तर कमजोर छ । धेरैजसो युवाहरु कामको खोजीमा विदेशिएका छन् ।थुप्रै खेतियोग्य जमिन बाँझिएका छन् भने परम्परागत कृषि प्रणालीका कारण कृषकको जीवन यापनमा कठिनाई उत्पन्न भएको छ । कृषि पेशालाई व्यवसायिकरण, वजारीकरण तथा यान्त्रिकीकरण गरी सम्मान जनक पेशाको रुपमा विकास गर्न नसकिएको कारण यस क्षेत्रमा जनशक्तिको अभाव हुन गई उत्पादन लागत पनि बढ्दो क्रममा छ । सडक विद्युत स्वास्थ्य लगायतका न्यूनतम पूर्वाधार अभावका कारण सहज आवागमनमा असहजताका साथ साथै आधारभूत सेवा प्रवाहमा कठिनाई परेको छ ।

**<u>नगरसभाका सदस्यज्यूहरु</u>**

कमलबजार नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ नीति तथा कार्यक्रममा लिईएका प्रमुख आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

- चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम।
- नेपालको संविधानमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीतिहरु तथा संविधानको अनुसूची ८ र ९ मा रहेका स्थानीय तहका एकल अधिकार तथा साझा अधिकारका सूचीहरुमा भएका व्यवस्था,
- १५ औं राष्ट्रिय योजना,
- दिगो विकासका लक्ष्यहरु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएका स्थानीय तहका काम, कर्तव्य र अधिकारहरु,
- राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय , संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समय समयमा जारी भएका मार्गदर्शन तथा परिपत्रहरु,
- नगरले तर्जुमा गरेका ऐन नियम तथा कार्यविधिहरु
- स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा,

- राजश्व परामर्श समितिबाट प्राप्त सुझावहरु,
- नगर कार्यपालिकाबाट गठित विभिन्न विषयगत समितिहरुबाट प्राप्त प्रतिवेदन र सुझावहरु,

प्रस्तुत आधारमा सम्भव भएसम्म नगरवासीको चाहना र नगरपालिकाको प्राथमिकतालाई समेट्ने अभिप्राय लिई प्रस्तुत नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**<u>नगरसभाका सदस्यज्यूहरु,</u>**

अब म यस कमलबजार नगरपालिकाको आगामी आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

**<u>आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमका प्राथमिकताहरुः</u>**

- आगामी ३ आर्थिक वर्षलाई पूर्वाधार विकास वर्षको रुपमा घोषणा गर्दै नगरको प्रशासनिक भवन, सुविधासम्पन्न आधारभूत नगर अस्पताल र वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुको निर्माण तथा सुधार गर्ने ।
- सडक यातायात तथा खानेपानी पूर्वाधारको विकास गरी नगरवासीको जीवनयापन थप सहज बनाउने ।
- कमलबजार नगरपालिकाको प्रमुख पर्यटकिय सम्भावना रहेको पाँचुली वाइकोट,चक्राजु लाई केन्द्र बनाई यस सँग जोडीएका सम्भाव्य सबै प्राकृतिक जंगल, नदी, छहरा, सास्कृतिक र धार्मिक स्थललाई समेटी पाचुँली पर्यटन विकास गुरु योजना तयार गरी गुरुयोजना अनुसार मात्र निर्माण तथा मर्मत गर्ने ।
- नगरपालिकालाई वातावरणमैत्री नगरको रुपमा विकास गर्न व्यवसायिक तथा जैविक कृषि उत्पादनमा जोड दिने र पालिकाको केन्द्र कमलबजारमा सरसफाई अभियान सञ्चालन गर्ने ।
- स्थानीय उत्पादन सहज रुपमा बजार पहुँचको व्यवस्था गरी नगरवासीहरुको आर्थिक अवस्थामा सुधार ल्याउने ।
- गुणस्तरिय शिक्षाको लागि विद्यालयहरुको शिक्षणविधीमा सुधार गर्दै प्रविधिमैत्री विद्यालय वनाउदै जाने ।
- आधारभूत स्वास्थ्य सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउने ।
- सुशासनको प्रत्याभूति गराउन संस्थागत सुधार, प्रविधिको विस्तारगरी सेवाप्राप्तिमा सुलभता, शिघ्रता र गुणस्तरियता कायमगरी नगरपालिका प्रति आमनागरिकहरुको आस्थालाई वृद्धि गर्ने ।
- सेवा सुविधाको सन्तुलित र दिगो वितरण मार्फत लक्षित वर्गको सशक्तिकरण गर्ने ।

**<u>कार्य नीतिः</u>**

- कृषि, व्यवसाय, पर्यटन, उद्योग तथा व्यापारलाई सहयोग पुग्ने गरी कमलबजार नगरका सबै वडा केन्द्रहरु जोड्ने सडकको निर्माण र स्तरोन्नती गर्दै जाने ।
- राष्ट्रिय भू-उपयोग नीति तयार गरी सोही अनुसार जोखिम, संवेदनशिल भू-उपयोग योजना निर्माण गरी बस्ती क्षेत्र, पर्यटकीय क्षेत्र, औद्योगिक क्षेत्रतथा कृषि क्षेत्र लगायतमा जमिनको वर्गिकरणगरी एक स्थानीय तह एक औद्योगिक ग्रामको अवधारणा अनुरुप औद्योगिक ग्रामको निर्माण गरी जडीवुटी जोनका कामलाई तिव्रता दिने ।
- व्यवहार परिवर्तनले महामारीबाट वच्न सकिन्छ भन्ने विषयलाई आत्मसात गर्दै जीवन शैलीमा सुधार ल्याउन नागरिकहरुमा स्वास्थ्य सम्वन्धी सचेतना फैलाउने तथा नगरपालिकामा रहेका प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य संस्थाहरुलाई स्तरोन्नती गरी सुविधा सम्पन्न बनाउने तथा गुणस्तरिय सेवा उपलव्ध गराउने ।
- नगरका सवै घरधुरीमा स्वच्छ पिउनेपानी पुऱ्याउने अवधारणा अनुरुप सबै स्थानमा खानेपानी विस्तार गर्दै लैजाने ।
- महिला बालबालिका, आदिवासी, जनजाति, दलित, ज्येष्ठ नागरिक अपांग अति विपन्नता भएका परिवारलक्षित क्षेत्रको क्षमता विकासको लागि शिक्षा स्वास्थ्य लगायत आवश्यक सिप विकासका तालिम र क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।
- बालमैत्री, वातावरणमैत्री, पूर्ण सर-सफाइ युक्त, बालश्रम मुक्त, नगर निर्माण गर्न अभियानहरु सञ्चालन गर्ने ।
- फोहोर मैलाको श्रोतमानै वर्गिकरण गरी कुहिने फोहोर घरमानै मल वनाउन प्रोत्साहित गर्ने व्यवस्था मिलाउने र नकुहिने फोहोर मध्ये पनि पुनः प्रयोग गर्न सकिनेलाई प्रयोग गरी मोहोरमा परिणत गर्ने र पुनः प्रयोग गर्न नसकिने फोहोरको मात्र उपयुक्त व्यवस्थापन गरिने नीति लिईने छ।

**<u>नीति तथा कार्यक्रमले समेटेका प्रमुख विषयहरुः</u>**

<u>नगरसभा सदस्यजूहरु ,</u>

- सवै विषयगत क्षेत्रमा आवश्यकताको आधारमा समानुपातिक र सन्तुलित हिसावले वजेट विनियोजन गरिने छ ।
- स्थानीय संथागत स्वमूल्याङ्कन र वित्तीय जोखिम न्यूनिकरणलाई आधारमानी  वजेट विनियोजन गरिने छ ।
- नेपाल सरकार तथा प्रदेश सरकारबाट सशर्त अनुदान बाट सञ्चालन गरिने कार्यक्रमहरु तथा त्यसको लागि लाग्ने लागत समेत एकिनगरी विविध कार्यक्रमहरु निक्षेपित भै आएको सन्दर्भमा उक्त कार्यक्रमहरुलाई हुवहु प्रस्ताव गरिने छ ।
- नगरको प्रशासनिक भवन, ४ वडा कार्यालय भवन निर्माण, विधुत लाइन विस्तार र कमलबजार नगरका सबै वडा केन्द्रहरु जोड्ने सडक ग्राबेल सहितको स्तरोउन्नती गरी सवै मौसममा यातायात संचालन हुने गरी सडकमा वजेट विनियोजन गरिने छ ।
- कमलबजार लगायत कमलबजार नगरपालिकाका सवै क्षेत्रमा स्वच्छ खानेपानी पुऱ्याउन नगरपालिकालाई प्राप्त अनुदान समेतको उपयोग गरी नेपाल सरकारका केन्द्रिय निकाय तथा विभिन्न अन्य स्थानीय सरकार र साझेदारहरुसँगको सहकार्यमा अभियान अगाडि बढाउन पहल गर्न बजेट विनियोजन गरिने छ ।
- कमलबजार नगरपालिकाको प्रमुख पर्यटकिय सम्भावना रहेको पाँचुलीलाई केन्द्र बनाई यस सँग जोडीएका सम्भाव्य सबै प्राकृतिक जंगल, नदी, छहरा, सास्कृतिक र धार्मिक स्थललाई समेटी पाचुँली पर्यटन विकास गुरु योजना तयार गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।
- बालमैत्री स्थानीय शासनलाई टेवा पुऱ्याउने विविध कार्यक्रमहरुको लागि बजेट विनियोजन गरिने छ।
- नगरको सेवा प्रवाहमा सुधार गर्न प्रविधि तथा सफ्टवेयरका लागि वजेट विनियोजन गरिने छ ।
- दलित समुदायहरुको लोक सास्कृतिक संरक्षण र पवर्द्धनको लागि बजेट विनियोजन गरिने छ।
- नगरपालिकामा दरबन्दि अनुसार जनशक्तिका अभावका कारण थप जिम्मेवारी बहन गर्नु पर्ने  अवस्थालाई मध्यनजर गरी  सेवा करारको जनशक्तिको निरन्तरताकालागि रकम विनियोजन गरिने छ ।
- राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभाग तर्फका कर्मचारीहरुले वडामा दरवन्दी अनुसार वडा सचिव अभावमा वडाको पंजिकरणमा सहयोग गर्ने गरी तलबमा नगरपालिकाले साझेदारी गर्नुपर्ने रकम विनियोजन गरिने छ ।

## विषय क्षेत्रगत नीतिहरु

### स्वास्थ्य

- गुणस्तरिय स्वस्थ्य सेवामा सम्पुर्ण नगरबासिको पहुच सुनिश्चित गरिने छ।
- कमलबजार प्रथमिक स्वास्थ्य केन्द्र नेपाल सरकार र स्थानिय तह संगठन तथा व्यवस्थापन सर्वेक्षण को सिफारिस अनुसारको दरबन्दिमा जनसक्ति व्यवस्थापनका लागी आवसेक समन्वय गरिने छ।
- आधारभुत स्वस्थ्य सेवामा जेष्ठ नागरिकहरुको पँहुच पुप्याइने छ ।
- कमलबजार नगरपालिकामा बिशेषज्ञ  स्वास्थ्य शिविर संचालन गरिने छ।
- मातृ मृत्यु दर कम गर्न सुरक्षित गर्भपतन सेवा  नगरपालिकाको ४ वटा स्वास्थ्य संस्थावाट प्रवाह गरिने छ ।
- सबै स्वास्थ्य संस्थामा  निःशुल्क औषधीहरु सुनिश्चित गरीने छ ।
- स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा मापदण्ड अन्तरगतका शर्तहरु पुरागर्न कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिने छ  ।
- कमलवजार प्राथमिक स्वास्थ्य केन्द्र पिसिआर प्रयोगशालालाई निरन्तरता दिइने छ ।
- सञ्चालनमा रहेक ८ वटा वर्थिङ्ग सेन्टर र सेरा स्वास्थ्य चौकी तथा कुईका आधारभुत स्वास्थ्य केन्द्रलाई थप गुणस्तरयुक्त वनाउनका लागि न्यूनतम आवश्यक सामाग्री खरिद गरी व्यवस्थापन गरिने छ ।
- गर्भवति तथा सुत्केरी निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन निरन्तर रुपमा  कार्यान्वयन गरीने छ ।
- कमलबजार नगरपालिका का १० वटै वडामा जनसंख्या र भौगोलिक विकटताको अध्ययन गरि गाँउघर किल्निक संचालनमा ल्याइने छ।
- बहुक्षेत्रिय पोषण योजना  कार्यक्रमलाई निरन्तर्ता दिइनेछ।
- सुत्केरि आमा संग उप प्रमुख पोषण कार्यक्रम निरन्तर्ता दिईनेछ।
- पोषण मैत्रि  स्थानिय तह घोषणाकालागी विभिन्न सचेतना मुलक क्रियाकलाप संचालन गरिनेछ।
- कमलबजार नगरपालिका वडा नं. ०६ लाई पोषण मैत्री स्थानिय सासन अन्तर्गत हातिबाज टोललाई पोषण मैत्री बस्ती घोषणा गरिने छ ।

## शिक्षा

- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न विशेष ध्यान दिइने छ ।
- एक वडा एक अंग्रेजी माध्यम शिक्षण सिकाइको शुरुवात गरिने छ ।
- शैक्षिक गुणस्तर सुधारका लागि प्राविधिक अनुगमन संयन्त्रलाइ प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- विद्यार्थी शिक्षक प्रोत्साहन कार्यक्रम लागु गरिने छ ।

- समादियिक विद्यालय को समग्र शैक्षिक विकासकालागि ब्रिटिस काउनसिल समग सहकार्य गरिने छ।
- सामुदायिक विद्यालयमा अध्यनरत छात्राका लागि निशुल्क सेनेटरी प्याड उपलब्ध गराइने कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
- बालबिकास सहजकर्ता शिक्षकका लागि आधारभूत तालिम सञ्चालन गरिने छ ।
- लामो समयसम्म शिक्षण पेशामा आवद्ध भइ सेवा निवृत हुने शिक्षकहरुलाइ सम्मान तथा प्रोत्साहन गरिनेछ ।
- विद्यालयमा आधारित नगरपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरी विद्यार्थि अन्तर्निहित प्रतिभाको पहिचान गरिने छ ।
- बालबिकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाइ प्रोत्साहन अनुदानलाइ निरन्तरता दिइने छ ।
- नगर अनुदानबाट तलवभत्ता खाने गरी नियुक्ति भएका शिक्षकहरुको तथा बालबिकास केन्द्र सहजकर्ताहरुका प्रोत्साहन दशै खर्च, पोशाक व्यवस्था गरिने छ ।
- एक विद्यालय एक फुलबारी तथा हरित विद्यालय अवधारणा लागु गरिने छ ।
- प्रारम्भिक कक्षा पढाइ सिप कार्यक्रमलाइ कार्यान्वयन गरीनुका साथै विद्यार्थी पठन सिपलाइ बिकास गरिने छ ।
- बालबिकास देखि कक्षा ८ सम्म अध्ययनरत सामुदायिक विद्यालयका सबै बालबालिकाहरुलाइ दिवा खाजाको व्यवस्था गरिने छ।
- कमलबजार नगरपालिकाले DIG For Nepal र पढ्दै कमाउदै कार्यक्रम संग साझेदारी गरि सामुदायिक विद्यालयको शैक्षिक सुधार गरिने छ ।
- विद्यालयको भौतिक बिस्तार कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
- नगर स्तरीय शैक्षिक गुणस्तर सुधार सम्बन्धि जनप्रतिनिधि, प्रधानाध्यापक तथा सरोकारवालाहरु बिच अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरी पारित सुझावहरुलाइ कार्यान्वयन गरिने छ ।
- विद्यालयमा स्वच्छ सफा र सुद्ध खानेपानी व्यवस्थापनका लागि भए गरेका पहलहरुलाइ निरन्तरता दिइने छ ।
- नगरपालिका स्थित विद्यालयहरुबाट SEE मा उत्कृषठ GPA ल्याउने एक जना छात्रा र एक जना छात्रलाइ सम्मान तथा प्रोत्साहन गरिने छ।
- नगरस्थित विद्यालयका सम्पूर्ण बालबालिकाहरुबाट कुनै पनि शुल्क लिइने छैन ।
- विद्यार्थी दिवा खाजा पकाउने विद्यालय सहयोगी कर्मचारीलाइ प्रोत्साहित गरिने छ ।
- पुस्तकालय व्यवस्थापक शिक्षकको रुपमा कार्यरत शिक्षकलाइ निश्चित अवधिको कम्प्यूटर तालिम दिइ विद्यालयको कम्प्यूटर शिक्षकको रुपमा समेत काममा लगाइने व्यवस्था गरिने छ ।
- विद्यालय स्थानीय पाठ्क्रम परिमार्जन गरी कार्यान्वयन गरिने छ ।
- नगरस्तरीय विद्यालयका प्रधानाध्यापकहरुलाइ प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।
- शिक्षकहरुका लागि क्षमता बिकास तालिम सञ्चालन गरिने छ ।
- कम्तिमा ३ वटा उच्चतम माध्यमिक विद्यालयहरुमा विद्दुतीय हाजिरीको जडान गरी कार्यान्वयन गरिने छ
- वार्षिक शैक्षिक योजना तथा कार्यक्रम सहितको शैक्षिक कार्यपात्रोको निर्माण गरी कार्यान्वयन गरिने छ ।
- शैक्षिक गुणस्तरको अवस्था पहिचानका लागि प्रारम्भमा कक्षा ३ र ५ मा विद्यार्थि सिकाइ परिक्षण परिक्षा सञ्चालन गरिने छ
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी वनाईने छ ।
- विद्यालय खाजा कार्यक्रमको उचित व्यवस्थापन गरीने छ ।
- विदालयमा वालमैत्री, अपांगमैत्री भौत्तिक संरचना निर्माण कार्यलाई प्राथमिकता दिईने छ ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यान्वयनका लागि विद्यालय शिक्षक तथा सहयोगीलाई तालिमको व्यवस्थापन गरीने छ ।
- स्थानीय भाषा तथा संस्कृतको संरक्षणको लागि लोक संस्कृति झल्कीने बृतचित्र तयार गरी प्रचार प्रसार गरीने छ ।

<u>खानेपानी तथा सरसफाई</u>

- कमलवजार नगरपालिकामा विद्यमान अवस्थामा रहेको खानेपानी तथा सरसफाई समस्यालाई समाधान गर्नको लागि नगरपालिका स्तरीय खानेपानी तथा सरसफाई वोर्ड गठन सम्बन्धी ऐन, नियम तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ ।
- विद्यमान खानेपानी तथा सरसफाईको समस्यालाई व्यवस्थापन गर्न जलश्रोत खानेपानी तथा सरसफाई स्वछता सम्बन्धि ऐन , नियमावली, निर्देशिका कार्यविधि तथा खानेपानी योजनाको सञ्चालन तथा दिगो मर्मत सुधारको लागि निर्देशिका तर्जूमा गरी कार्यान्यनमा ल्याईने छ ।
- दिगो विकास लक्ष्य अनुसार सबैको लागि पानी सुरक्षित खानेपानी वितरणको लागि सबै संघसंस्थाहरु संगको साझेदारीमा पानी परिक्षण गर्न प्रयोगशाला स्थापना गरीने छ ।
- लागत साझेदारीको आधारमा साझेदारीमा एक घर एक खानेपानी धारको अवधारण अनुरुपम खानेपानी योजना निर्माण गर्नको लागि आवश्यक वजेट विनियोज गरिने छ ।
- खानेपानी तथा सिंचाई योजना निर्माण तथा मर्मत उपभोक्ता समितिहरुको बैंक खाता स्वतः मर्मत सम्भार समितिमा परिणत गर्ने र खाता वन्द नहुने नीति अवलम्बन गरीने छ ।

- सुरक्षितखानेपानी सेवाको सुनिश्चित गर्न खानेपानी, सरसफाईतथा स्वच्छता योजनाको प्राथमिकता मा रहेका खानेपानी आयोजनाहरुमा खानेपानी सुरक्षा योजना लागु गरि "एक घर एक धारा"को अवधारणा अनुसार सुरक्षित खानेपानीयुक्त समुदाय विकास तथा घोषणा गर्ने । साथै उक्त समुदायहरुलाई पूर्ण सरसफाईमा नमुनाका रुपमा पनि विकास गरिनेछ । विद्यालयहरुमा पहुँच युक्त खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाको सुनिश्चित गरि तीनतारे विद्यालयहरुको विकास गरी घोषणा गरिनेछ ।
- नगरपालिका स्तरिय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितिको क्षमता विकास गरिने छ ।
- कमलवजार वजार क्षेत्रमा व्यवस्थित सार्वजकि शौचालय निर्माण गरिने छ ।
- कमलवजार नगरपालिकाको वडा नं. २ खिरेवस्तीमा व्यवस्थित डङ्गिम्प साईट निर्माणको लागि विस्तृत लागत अनुमानन तयारगरी प्रदेश तथा संघीय सरकार संघको लागत साझेदारीमा योजना कार्यान्वयन गरिने छ ।

**स्थानीय वजार व्यवस्थापन , वातावरण संरक्षण र जैविक विविधता**

- स्थानीय उत्पादनको मुल्य निर्धारण र अन्य वस्तु तथा सेवाहरुको मुल्यमा एकरुपता ल्याउन आवश्यक नीति अवलम्बन गरिने छ
- स्थानीय वजारहरुको नियमित अनुगमन गरी उपभोक्ता अधिकारको संरक्षण गरिने छ ।
- २०८० श्रावण १ गते देखि लागु हुने गरी प्लाष्टिक जन्य पदार्थवाट हुने वातावरणिय प्रदुषण न्यूनीकरण गर्न ४० माइक्रेन भन्दा पातलो पलाष्किको उत्पादन, आयात, विक्रिवितरण र प्रयोगमा पूर्णरुपमा प्रतिबन्ध लगाईएको छ ।
- संघीय सरकारको सहयोगमा नगरपालिकामा कोल्डस्टोर भवन वडा नं २ मा निर्माणको लागि आवश्यक जग्गा प्राप्ती गरी कोल्ड स्टोर भवन निर्माण गरीने छ ।
- कमलवजारमा स्थानीय उत्पादनलाई एउटै स्थानमा संकलन र विक्रिवितरण गर्न कृषी संकलन केन्द्रलाई सञ्चालन र व्यवस्थापन गर्न प्रोत्साहन गरिने छ ।

**आर्थिक बिकास सम्बन्धी (कृषी पशु सेवा ,उद्योग, बाणिज्य, सहकारी, पर्यटन र अन्य)**

- किसानको लागत मुल्य प्राप्तीको सुनिश्चितताको लागि कृषि तथा पशु बिमा कार्यक्रम लाई प्रोत्साहित गर्न नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिने छ ।
- स्थानीय तह भित्र रहेका बाँझो जग्गाहरुको एकिकृत तथ्याङ्क संकलनगरी सो को पुर्ण उपयोगको ब्यवस्था मिलाउन कार्यनीति तयार गरी कार्यान्वयन गरिने छ ।
- नगरपालिकामा एकवटा नमुना बहुउद्धेश्यीय नर्सरी स्थापना गरीनेछ ।
- कृषिमा किसानलाई पहुच बृद्धि गर्न मुल्यसृडखलामा आधारित उत्पादन र वजारीकरणमा जोड दिईने छ ।
- कृषिउपज भण्डारणका लागी भण्डार गृह वा सित भण्डार व्यवस्थापन गरिनेछ।
- कृषि हाट बजार परदसनि केन्द्र र कोसेलि घर स्थापना गरिनेछ।
- औधोगिक क्षेत्रपहिचना गरी सर्वेक्षण गरिने छ।
- रोजगार सुचना केन्द्रमा सुचिकृत २९०० जना वेरोजगार ब्यक्तिहरु मध्ये प्राथमिकताको आधारमा २८६ जना लाई १०० दिनको रोजगारी प्रदान गर्न विभिन्न आयोजनाहरुमा निर्माणमा परिचालन गरिने छ ।
- बेरोजगार लक्ष्यित सिप विकास कार्यक्रम संचालन गरिनेछ।
- किसानवाट उत्पादन भएको तरकारी, फलफुल, नगदेवालीको समायोजन मुल्य निर्धारण गरी वजारीकरणको लागि आवश्यक समन्वय र सहजिकरण गरीने छ ।
- नश्लसुधारका लागि उन्नतजातका राँगा, बोका वितरण कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- पशुपंक्षि फर्म प्रबद्र्धन गर्नको लागि एक वडा उक नमुना पशुपंक्षि फर्म कार्यक्रम सञ्चालन गर्न अनुदान दिने निति अवलम्बन गरिने छ ।
- २ वडा एक जना भेटनरी प्राविधिक परिचालन गर्ने कार्यविधि तर्जुमा गरी भेटनरी प्राविधिक परिचालन गरीने छ ।
- २ वडा एक जना कृषि प्राविधिक परिचालन गर्ने कार्यविधि तर्जुमा गरी कृषि प्राविधिक परिचालन गरीने छ ।
- एकघर एक शेयर सदस्य अभियान सञ्चालन गरी सबै नागरकिहरुलाई सहकारीमा आवद्ध गराईने छ ।
- सहकारी संस्थाहरुको प्रभावकारी वनाउन विभिन्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरीनेछ ।
- नगरपालिका भित्रका सबै सरकारी संस्थाहरुलाई कोपोमिसमा आवद्ध गरिनेछ ।
- उत्कृष्ट सरकारी संस्थालाई सहकारी दिवशको अवसरमा पारेर प्रोत्साहन गरीनेछ ।

- स्थानीय श्रमिकहरुको क्षमता विकासको लागि नगरपालिकाको १० वटैवडाहरुवाट सहभागिता हुने गरी सिपमुलक डकर्मी तालिम सञ्चालन गरी छ ।
- ९० जना नया उद्यमीहरुलाई उद्यम विकास सृजना सम्बन्धी तालिम ,९० उद्यमिहरुलाई सीपविकास सम्बन्धि तालिम , पुराना उद्यमिहरुको स्तरोन्नती तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तता दिईने छ ।
- स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाहरुको वजारीकण तथा वित्तिय संस्थाहरुमा पहुच अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरीने छ ।

**वन वातावरण तथा विपद व्यवस्थापन**

- विपद व्यावस्थापनमा पूर्व तयारी , प्रतिकार्य र पुर्नलाभका कार्यक्रम सन्चालन गर्न स्थानीय बिपद ब्यवस्थापन कोषमा आवश्यक बजेटको ब्यवस्था गरिएको छ ।
- नगरपालिकामा आपतकालिन सञ्चालन केन्द्र स्थापना गरी क्रियाशिल गरीने छ ।
- पूर्वाधार बिकासका क्रियाकलापहरु संचालन गर्दा बिपद जोखिम संबेदनशिलतालाई केन्द्र बिन्दुमा राखी कार्यान्वियन गर्न सघाउ पुग्ने गरी डिजाईन तथा इष्टिमेट गर्ने ब्यवस्था मिलाइने छ र वायोईन्जिनियसिंग तथा जैविक तटवन्धन प्रबर्द्धन कार्यलाई प्राथमिकताका साथ कार्यान्वियन गरीने छ ।
- नगरपालिकाको सबै वडामा विपद व्यवस्था गरी खोज तथा उद्धार सामाग्रीको व्यवस्थापन गरीने छ ।
- नगरपालिका भित्र रहेका सामुदायिक, निजि, सरकारी वनलाई डिभिजन वन कार्यालयको समन्वयमा वन व्यवस्थापन, नियमन, नियन्त्रण कार्यलाई सुधार गरीने छ ।
- सार्वजनिक कार्यालय संघ संस्था तथा विभिन्न सार्वजनिक मठमन्दीर र सार्वजनिक स्थलमा बृक्षारोपण गरी हरियारी प्रबर्द्धन गरीने छ ।
- सामुदायिक वन उपभोक्ता समिति र नगरकार्यपालिका वीच अन्तरक्रिया कार्यक्रमको आयोजनागरी सामुदायिक , सरकारी तथा नीजि वनक्षेत्रको संरक्षण तथा प्रबर्द्धन गरीने छ ।
- नगरपालिकाका १० वटैवडामा आपतकालिन हेलिप्याड निर्माण स्थल छनौट गरी हेलिप्याड निर्माण गरीने छ ।

**सुशासन तथा संस्थागत बिकास सम्बन्धी :**

- जनप्रतिनिधि र कर्मचारीरुलाई स्थानीयतहवाट जारी भएका ऐन, नियम तथा कार्यविधिहरुको विषयमा क्षमता अभिबृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालन गरीने छ ।
- कमलवजार नगरपालिकाको प्रशासकिय भवन वडा नं २ मा निर्माणको लागि जग्गा प्राप्ती गरी भवन निर्माण प्रक्रिया अगाडी वढाईने छ ।
- नगरपालिकाका ७ वटा वडाहरुमा क्रमशः वडा कार्यालयको भवन निर्माण गर्नको लागि प्रदेश सरकार र संघीय सरकारसंगको लागत साझेदारीमा भवन निर्माण कार्य गर्ने र वडाकार्यालयको केन्द्रवाट सेवा प्रवाहगरीने व्यवस्था मिलाईने छ ।
- **कमलबजारमा रहेको एरपार्टको टर्मिनल भवन र थप स्तरोन्नतीका लागि संघ सरकार र प्रदेश सरकारसंग समन्वय गरिने छ । साथै गैरिटाँड देखि जंगलघाट सम्म नै कालो पत्रे गर्न हाम्रो प्रयास रहने छ ।**
- कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा बिषयगत शाखा वा ईकाइको सेवा प्रवाहलाई सम्भव भए सम्म सूचनाप्रबिधि मैत्री बनाउन आवश्यक बजेट ब्यवस्था गरिएको छ ।
- सेवा प्रवाहको लागि आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चको लागि बजेट बिनियोजनगरी प्रशासनीक संरचना र कार्यलाई मितब्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्बन गरिएको छ ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सेवा ईकाई अन्तरगत कार्यरत जनशक्तिलाई लागत साझेदारीको आधारमा आगामी आ.व.मा सेवा निरन्तरताको लागि परिचालन गरीनेछ ।
- नगरपालिकाका भित्रका मुहत्वपुर्ण विकास आयोजनाहरुको तथ्यांक संकलन तथा प्राथमिकीकरण गरी परियोजना बैंक तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ ।
- नगरपालिका, वडा कार्यालय, र सबै स्वास्थ्य संस्थाहरुवाट प्रदान गरीने सेवालाई चुस्त, दुरुस्त, छिटो छरीतो रुपमा सेवा प्रवाहगर्न स्वीकृत संगठन संरचना अनुसार स्थायी कर्मचारीहरु पदपुर्ति नभए सम्मको लागि करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मुल्याँकनको आधारमा कार्यसम्पदान स्तर सन्तोषजनक भएका करार सेवाका कर्मचारीहरुको सेवा नितरन्तरता दिईने व्यवस्था मिलाईने छ र आवसेक्ता अनुसार कार्यविधि निर्माण तथा परिमार्जन गरिनेछ।
- नगरपालिका र वडा कार्यालयवाट प्रवाह हुने सेवा प्रवाहको विषयमा अर्धबार्षिक तथा बार्षिक रुपमा सार्बजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरीने छ ।
- स्थानीय सामुदायिक सञ्चार माध्यामहरुलाई प्रबर्द्धन गर्नको लागि नगरपालिकावाट अनुदान उपलव्ध गराईने छ ।
- कमलवजार नगरपालिकाले सदाचारको नीति तर्जुमा गरी लागु गर्ने छ ।

- नगर प्रहरीको व्यवस्थापनका लागी ऐन तर्जुमा गरी कार्यन्वयनमा ल्याइनेछ ।
- सबै नगरबासीहरुलाई छिटो, छरितो, पहुँचयोग्य र प्रभावकारी न्याय सेवा प्रदानका लागि "**अडान होइन चाहानाको पहिचान, जसको समस्या उसैबाट समाधान**" गर्ने नीति अवलम्बन गरिनेछ ।
- स्थानीय स्तरमा रहेका अन्तर व्यक्ति विवाद सामाधानको लागी मेलमिलाप प्रक्रिया, बहुसरोकारवाला विवाद रुपान्तरणका लागी माकुरा विधि र सार्वजनिक चासोका सवालहरु समाधानका लागी संवाद विधिको अवलम्वन गरिने छ ।
- मेलमिलाप तथा बहुसरोकारवाला द्वन्द्व रुपान्तरणका क्षेत्रमा कार्यरत व्यक्ति, संघसंस्थाहरुलाई समेत सहभागिता गराईने नीति अवलम्वन गरी नगर तथा वडा स्तरीय मेलमिलाप केन्द्रलाई क्रियाशिल र सुबिधा सम्पन्न बनाउदै लगिनेछ ।
- मेलमिलाप तथा बहुसरोकारवाला द्वन्द्व रुपान्तरणका लागि दक्ष जनशक्तिको उत्पादन तथा परिचालनका साथै न्यायिक समितिको क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछ ।
- मेलमिलापकर्ता तथा माकुराहरुलाई संस्थागत गरि फाटेका मन सिउने अभियानको दिगोपनाको लागी "**दिगो शान्तिका लागि उन्नत सम्बन्ध**" कायम गर्न शान्ति निर्माण कोषको स्थापना गरिनेछ ।
- न्यायीक समिति, कानुन शाखा, कार्यपालिका सदस्य, मेलमिलापकर्ता, तथा माकुराहरुको बिच नियमित रुपमा अभ्यास आदान प्रदानका कार्यक्रमका साथै अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ ।
- हिंसामा परेका महिलाहरुको उद्धारका लागि नगरका १० वटै वडामा गठित वडा महिला सेललाई तालिम संचालन गरि क्रियाशिल गरिनेछ ।
- मेलमिलाप केन्द्र, न्यायीक समितिको सचिवालय र इजलासमा प्रर्याप्त मात्रमा फर्निचर र आबश्यक पर्ने कानुन सम्बन्धी पुस्तकको व्यवस्था मिलाइ सुबिधा सम्पन्न बनाइनेछ।
- १० वटै वडामा न्यायीक समितिको क्षेत्राधिकार, सेवालिने व्यवस्था र सम्पादन कार्यको अवस्था र कानुनी व्यवस्था जस्ता बिषयमा सडक नाटक, अभिमुखीकरण तथा अन्तक्रिया कार्यक्रमहरु संचालन गरि नागरिकलाइ सु-सुचित पार्ने व्यवस्था मिलाइने छ ।
- न्यायीक समितिमा परेका उजुरीलाइ सकेसम्म "**सम्बन्ध सुधार सहितको सहमति, सबैलाई जित जितको अनुभुति**" प्रत्याभुति दिन मेलमिलापको माध्यामबाट निरुपण गर्ने निति लिईनेछ ।

**<u>महिला वालवालिका, जेष्ठ नागरीक, अपांगता वालवालिका तथा सामाजिक समाबेशिरण</u>**

- लैगिंक हिंसा मुक्त स्थानिय तह, बालमैत्री स्थानिय तह, सामाजिक विकृतिको अन्त्य र मर्यादित महिनावारी सम्बन्धी सचेतना मुलक कार्याक्रम सञ्चालन गरिने छ ।
- सबै क्षेत्रको बजेटलाई लैंगिक उत्तरदायि बनाईने छ ।
- हरेक बर्ष लैंगिक समानतातथा सामाजिक समावेशिकरण परीक्षण गरी अझ प्रभावकारी बनाउन लक्षित बर्गको पहँुच अभिबृद्धी गर्दै लैजाने छ।
- लक्षित बर्गको क्षमता विकासकालागि नेतृत्वविकास तथा सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिने छ ।
- पछाडि पारीएका ,एकल ,अतिविपन्न महिलाहरुको शसक्तिकरण गर्दै महिलाहरुलाई आत्मनिर्भर बनाउन सिपमुलक र आयमुलक कार्यक्रम सञ्चालन गरीनेछ ।
- बालबिबाह न्युनिकरणकालागि विशेष कार्यक्रम बिस बर्ष पुरा गरी बिबाह गर्ने जोडिलाई उच्चशिक्षा र व्यावसायिक बनाउन सम्मान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरीनेछ ।
- बालबिबाह ,बालश्रम,बाल हिंसा न्युनीकरणका लागि विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरीनेछ
- मर्यादित महिनावारी व्यवस्थापनाका लागि (धामीझाक्रि, धार्मीक गुरुहरु र सरोकारवालाहरुलाई) सचेतनामुलक कार्यक्रम सञ्चालन गरीनेछ ।
- लक्षितवर्ग पहिचानहुने गरी खण्डीकृत तथ्यांक संकलन तथा अद्यावधिक गरी त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गरीनेछ ।
- सामाजिक सद्भावका लागि पुरुषको सहभागिता सम्बन्धी क्रियाकलाप सञ्चालन गरीनेछ ।
- नगर प्रमुख संग जेष्ठ नागरीक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ र जेष्ट नागरीक उपचारका लागि शिविर सञ्चालन गरीनेछ ।
- अपांगता भएका व्यक्तिहरुलाई विभिन्न सिविर सञ्चालन गरीनेछ र सिप तथा व्यवसायिक बन्न सिपमुलक कार्यक्रम सञ्चालन गरीनेछ ।
- विभिन्न कोषहरु (लैगिक हिंसा निवारण, आपतकालिन बाल राहातकोष) मा बजेको व्यवस्था गरी निरन्तरता दिईनेछ ।
- लक्षित वर्गलाई सामाजिक संरक्षण प्रदानगर्न विभिन्न कार्यक्रम सञ्चालन गरीनेछ ।
- आपतकालिन सुरक्षित आवास स्थापना गरी सञ्चालन गरीनेछ ।
- लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य परीयोजना कार्यक्रम अन्तर्गत वडा विस्तार गरी निरन्तरता दिईनेछ ।
- विद्यालयबाहिर रहेका किशोरीकाला गि जिवनोपयोगि सिप र आत्मरक्षा कार्यक्रम सञ्चालन गरीनेछ ।
- अपांगता र जेष्ठ नागरीक डिजिटल परीचयपत्र वितरणका लागि बजेट विनियोजन गरीनेछ
- विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसिय कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- विभिन्न सरकारी तथा ग्ररसरकारी संघ संस्थासँग समन्वय तथा सहकार्यमा लक्षित वर्गका कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।

- उपप्रमुख संग मिल कार्यक्रम निरन्तरता दिईनेछ।

अन्त्यमा,

नगरको आर्थिक सामाजिक बिकासमा निरन्तर सहयोग पुर्याउने सम्पूर्ण नगरबासिहरु, बुद्धीजिबी, संचारकर्मी, करदाता, बिकासका साझेदारहरु र स्थानीय प्रशासन प्रती हार्दिक आभार प्रकट गर्न चाहन्छुँ । प्रस्तुत नीति तथा कार्यक्रम नगर सभाबाट स्वीकृत हुने बिस्तृत बाँडफाड सहितको बजेट कार्यक्रम कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छुँ ।

धन्यवाद

यज्ञ प्रसाद ढकाल

नगर प्रमुख

तथा

नीती तथा कार्यक्रम तर्जुमा समिति संयोजक

मितिः २०८०।३।१०